# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल ।

आ. व.: २०८१/०८२

मितिः २०८२/०२/१२

श्री क्याम्पस प्रमुखज्यू,

**BE/B.Arch.** तथा **M.Sc. EM/CM/EPE/UDC/ISE/EQ** अध्यापन हुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सन् २०२५ मा सञ्चालन गरिने **BE (Civil/ Computer/ ECA /E&C/ Electrical/Geomatic/Biomedical)** र **B.Arch.** शैक्षिक कार्यक्रमहरूको **दोस्रो** र **पाँचौं सेमेस्टर तथा M.Sc. EM/CM/ISE/EPE/UDC र ME EQ दोस्रो सेमेस्टर** नियमित तथा आंशिक रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०८२/०३/०२ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०८२/०३/०५ गतेसम्म नविल बैंक स्थित यस कार्यालयको **A/C 00710017518402** मा परीक्षा शुल्क तथा सम्वन्धन शुल्क जम्मा गरी सो वापतको रकम मिति २०८२/०३/०८ गतेभित्र सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नुपर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउदा तपसिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालना गर्न/गराउन अनुरोध छ

**तपसिलः**

१. परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२. परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३. परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४. परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७. आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८. परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (२०२० समूहदेखिका नियमित तथा आंशिक परीक्षार्थीहरूलाई) | रू.१,५००।- प्रति विद्यार्थी |
| २. | **परीक्षा शुल्क (आंशिक): २०१६ समूहसम्म : स्नातक तहको लागि** | |
| | आंशिक १ विषय | रू.५००।- प्रति विद्यार्थी |
| | आंशिक २ विषय | रू.८००।- प्रति विद्यार्थी |
| | आंशिक २ भन्दा बढी विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ३ | परीक्षा शुल्कः स्नातकोत्तर तह (२०२० समूहदेखिका नियमित तथा आंशिक परीक्षार्थीहरूलाई) | रू.२१००।- प्रति विद्यार्थी |
| | **अन्य समूहको लागि** : आंशिक १ विषय | रू.६००।- प्रति विद्यार्थी |
| | आंशिक २ विषय | रू.११००।- प्रति विद्यार्थी |
| | आंशिक २ भन्दा बढी विषय | रू.१६००।- प्रति विद्यार्थी |
| ४. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ५. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |
| ७. | **सम्बन्धन शुल्क (नियमित): दोस्रो सेमेष्टर २०२४ समूहको लागि मात्र** | |
| | BE (Computer) | रू.१०,०००।- प्रति विद्यार्थी |
| | BE (Civil/ ECA/Electrical/Geomatic/Biomedical), B. Architecture/ M.Sc.EM/CM/ISE/UDC/EPE/EQ | रू.१५,०००।- प्रति विद्यार्थी |
| ८. | **सम्बन्धन शुल्क (नियमित): पाँचौं सेमेष्टरको लागि मात्र** | |
| | BE (Computer) | रू.८५००।- प्रति विद्यार्थी |
| | BE (Civil/ ECA/Electrical/Geomatic/Biomedical), B. Architecture | रू.११,०००।- प्रति विद्यार्थी |

सह-परीक्षा नियन्त्रक

**नोटः १. क्र.सं. ५ र ६ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरू हुने परीक्षालाई शुरू भएको दिन मानिनेछ ।**
२. सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।